विधेयक संख्याः

# विनियोजन विधेयक

प्रदेश सभा सचिवालय
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली
२०७६

# उद्देश्य र कारण

आर्थिक वर्ष २०७६/७७ को सेवा र कार्यहरुको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले प्रस्तुत विधेयक पेश गर्नु परेको हो।

प्रस्तुत विधेयकले प्रदेश सञ्चित कोषबाट खर्च गर्ने अधिकार र बिभिन्न मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गर्न सक्ने व्यवस्था गरेको छ।

द्रष्टव्यः यो विधेयक अर्थ विधेयक हो।

(झपट बहादुर वोहरा)
आर्थिक मामिला तथा योजना मन्त्री

**<u>आर्थिक वर्ष २०७६/७७ को सेवा र कार्यहरुको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक</u>**

**<u>प्रस्तावनाः</u>** आर्थिक वर्ष २०७६/७७ को सेवा र कार्यहरुको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

सुदूरपश्चिम प्रदेश सभाले यो ऐन बनाएको छ।

**१.** **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "विनियोजन ऐन, २०७६" रहेको छ।

(२) यो ऐन सम्वत् २०७६ साल साउन १ गतेदेखि लागु हुनेछ।

२. **<u>आर्थिक वर्ष २०७६/७७ को निमित्त प्रदेश सञ्चित कोषबाट खर्च गर्ने अधिकारः</u>** आर्थिक वर्ष २०७६/७७ को निमित्त अनुसूची-१ को प्रदेश संचितकोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची -२ को महल ३ मा उल्लेखित निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यका सोही अनुसूचीको महल ४ मा उल्लेखित चालु खर्च, महल ५ मा उल्लेखित पुंजीगत खर्च र महल ६ मा उल्लेखित वित्तीय व्यवस्थाको रकम समेत गरी महल ७ मा उल्लेखित जम्मा रकम रू. २८,१५,६५,७१,०००।- (अक्षरेपी रु. अठ्ठाइस अर्व पन्ध्र करोड पैसठ्ठी लाख एकहत्तर हजार) मा नबढाई निर्दिष्ट गरिए बमोजिम प्रदेश सञ्चित कोषबाट खर्च गर्न सकिने छ।

**३.** **विनियोजनः** यस ऐनद्वारा प्रदेश संचित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६/७७ को निमित्त अनुसूची २ को महल ३ मा उल्लेखित निकायले गर्ने सेवा र कार्यको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) बमोजिम अनुसूची २ को महल ३ मा उल्लेखित निकायले गर्ने सेवा र कार्यको निमित्त विनियोजन गरेको रकम मध्ये कुनै अनुदान संख्यामा रकममध्ये कुनै अनुदान संख्यामा बचत हुने र कुनै अनुदान संख्यामा नपुग हुने देखिन आएमा प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयले बचत हुने अनुदान संख्याबाट अपुग हुने अनुदान संख्यामा रकम सार्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम रकम सार्दा जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी अनुदानबाट अर्को एक वा एकभन्दा बढी अनुदानमा रकम सार्न तथा निकासा र खर्च

जनाउन र चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

तर,

(क) एउटै अनुदान संख्या भित्रका बजेट शीर्षक वा उपशीर्षकहरुमा रकमान्तर गर्दा जतिसुकै रकम रकमान्तर गर्न सकिनेछ।

(ख) पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम सावाँ भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत सावाँ भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

(४) स्थानीय तहका लागि अनुदान संख्या ८०१ मा विनियोजन भएको वित्तीय समानीकरण अनुदान रकम अन्य अनुदान संख्यामा रकमान्तर हुने छैन।

(५) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुदान संख्या ५०१ देखि ६०२ सम्म विनियोजन भएको रकम जुन अनुदान संख्यामा निकासा र खर्च हुने हो सोहि अनुदान संख्यामा रकम सार्न तथा निकासा र खर्च जनाउन बाधा पर्ने छैन।

४. **अन्तरसरकारी वित्तीय हस्तान्तरणः** (१) अनुदान संख्या ८०१ को रकम कानून बमोजिम स्थानीय तहले खर्च गर्न पाउने गरी अनुदानको रुपमा स्थानीय संचित कोषमा हस्तान्तरण गरिनेछ।

(२) उपदफा (१) बमोजिमको रकम मध्ये वित्तीय समानीकरण अनुदानको एक चौथाईले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय संचित कोषमा प्रत्येक आर्थिक वर्षको साउन २५, कार्तिक १०, माघ १० र बैशाख १० गते गरी चार किस्तामा दाखिला गर्नेछ।

(३) स्थानीय तहले उपदफा (१) र (२) बमोजिम हस्तान्तरण भई प्राप्त गरेको समानीकरण अनुदानबाट भएको खर्चको विवरणको साथसाथै आफ्नो सम्पूर्ण आम्दानी र खर्चको विवरण प्रत्येक आर्थिक वर्षको चौमासिक अवधि समाप्त भएको मितिले १५ दिनभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ।

(४) स्थानीय तहले सशर्त अनुदान वापत हस्तान्तरण भएको रकम जुन क्षेत्रको योजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही क्षेत्रको योजना वा कार्यक्रममा मात्र खर्च गर्ने गरी कार्यान्वयन गर्ने अवधि, कार्यान्वयनको प्रक्रिया र खर्चको विवरण सहितको कार्ययोजना प्रत्येक

वर्षको साउन ३० गतेभित्र सम्बन्धित प्रदेश इकाई कार्यालय वा प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेश गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम पेश भएको कार्ययोजना बमोजिम खर्च भएको रकमको चौमासिक विवरण स्थानीय तहले प्रत्येक आर्थिक वर्षको मङ्सिर २५ गते र चैत्र १५ गते तथा वार्षिक आर्थिक विवरण अर्को आर्थिक वर्षको साउन २५ गते भित्र सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा सो कार्यालयले तोकिदिएको प्रदेश इकाई कार्यालयमा पेश गर्नु पर्नेछ।

(६) उपदफा (६) बमोजिम पेश भएको विवरणको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले स्थानीय तहमा हस्तान्तरण भएको सशर्त अनुदान मध्ये एक चौथाईले हुन आउने रकम घटाई बाँकी रहेको रकम स्थानीय संचित कोषमा दाखिल गर्नेछ।

(७) उपदफा (६) बमोजिमको विवरण प्राप्त नभएसम्म सशर्त अनुदान वापतको बाँकी रकम सम्बन्धित संचित कोषमा दाखिला गरिने छैन।

(८) प्रदेश सरकारले स्वीकृत गरेको कार्यविधि बमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालयले स्थानीय तहलाई समपूरक र विशेष अनुदानको रकम हस्तान्तरण गर्नु पर्नेछ।

(९) सशर्त, समपूरक र विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभई बचत भएमा त्यस्तो बचत रकम सम्बन्धित स्थानीय तहले सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश इकाई कार्यालय मार्फत प्रदेश संचित कोषमा फिर्ता दाखिल गर्नु पर्नेछ।

(१०) उपदफा (१०) बमोजिम अनुदानको रकम फिर्ता दाखिल नभएमा प्रदेश लेखा नियन्त्रक कार्यालयले त्यस्तो रकम अर्को वर्ष हस्तान्तरण गर्ने समानीकरण अनुदानबाट कट्टा गरी समायोजन गर्नेछ।

(११) स्थानीय तहले सालबसाली रुपमा प्रस्तुत गर्ने आर्थिक ऐन, आय-व्ययको विवरण र वार्षिक कार्यक्रमको एक एक प्रति सभाबाट अनुमोदन भएको मितिले १५ दिनभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पेश गर्नु पर्नेछ।

५. <u>**योजना वा कार्यक्रम हस्तान्तरण र कार्यान्वयन सम्बन्धी विशेष व्यवस्थाः**</u>

(१) यस ऐन बमोजिम प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै योजना वा कार्यक्रम नेपालको संविधानको अनुसूची ८ बमोजिम स्थानीय तहको अधिकारको सूचीमा परेकोमा सम्बन्धित स्थानीय तहले त्यस्तो योजना वा कार्यक्रम आफैले कार्यान्वयन गर्न चाहेमा र प्रदेश सरकारको सम्बन्धित विषयगत मन्त्रालयले त्यस्तो योजना वा कार्यक्रम स्थानीय तहले कार्यान्वयन गर्न सक्ने देखेमा सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको योजना वा कार्यक्रम सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गरेको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालय र सम्बन्धित प्रदेश इकाई कार्यालय वा प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ।

(३) यस ऐन बमोजिम स्थानीय तहमा' सशर्त अनुदान अन्तर्गतका कार्यक्रम वा योजना कार्यान्वयन गर्दा थप रकम माग भई आएमा प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयले त्यस्तो योजना र कार्यक्रमको प्रगतिको आधारमा थप रकम उपलब्ध गराउने गरी निर्यण गर्न सक्नेछ।

(४) यस ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि स्थानीय तहमा हस्तान्तरण भएको वा स्थानीय तहले स्वीकृत गरेको योजना वा कार्यक्रम प्रदेश सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गराउन चाहेमा सम्बन्धित कार्यालयले तालुक मन्त्रालयको स्वीकृती लिई त्यस्तो योजना वा कार्यक्रम कार्यान्वयन गर्न सक्नेछ।

(५) यस ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारको कुनै निकायले स्वीकृत गरेको कुनै योजना वा कार्यक्रम नेपाल सरकारको कुनै निकाय मार्फत सञ्चालन गर्न आवश्यक भएमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति तथा नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालयसँग स्वीकृति लिई त्यस्तो योजना वा कार्यक्रम कार्यान्वयन गराउन सकिनेछ।

६. **लेखांकन, प्रतिवेदन तथा लेखापरीक्षणः** (१) यस ऐन बमोजिम संघ, प्रदेश र स्थानीय तहमध्ये कुनै एक तहको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै योजना वा कार्यक्रम अर्को तहबाट कार्यान्वयन गर्नु परेको अवस्थामा त्यसरी कार्यान्वयन गर्ने निकायले रकम विनियोजन भएको तहको खर्च इकाईको रुपमा प्रचलित कानूनले तोके बमोजिमको लेखा राखी आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम योजना वा कार्याक्रम कार्यान्वयन गर्ने निकायले आर्थिक विवरण तयार गरी प्रमाणित गराई त्यस्तो आर्थिक विवरण रकम विनियोजन भएको तहको सम्बन्धित निकायमा पठाउनु पर्नेछ।

७. **<u>वित्तीय अनुशासनः</u>** (१) स्थानीय तहले आफूले उठाएको राजस्व र यस ऐन बमोजिम प्राप्त गरेको अनुदान रकम कानून बनाई खर्च गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कानून बनाउँदा देहाय बमोजिमको विषय समावेश गर्नु पर्नेछ ;-

(क) नेपाल सरकार तथा प्रदेश सरकारको आर्थिक तथा वित्तीय नीतिको अनुशरण गर्ने,

(ख) आफ्नो सबै प्रकारको आय आफ्नो संचित कोषमा दाखिला गर्ने,

(ग) अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि प्रयोग गर्ने,

(घ) पूँजीगत खर्चको रुपमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर गर्न नपाइने,

(ङ) प्रचलित संघीय कानूनले निर्धारण गरे बमोजिमको आय व्ययको वर्गीकरण, लेखांकन तथा लेखा प्रणाली राख्ने।

८. <u>अख्तियारी तथा कार्यक्रम स्वीकृतिः</u> (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम विनियोजन भएको रकम प्रचलित कानूनको अधीनमा रही खर्च गर्ने अख्तियारी यो ऐन प्रारम्भ भएको दिनदेखि अधिकारप्राप्त अधिकारीलाई हुनेछ।

(२) उपदफा (१) बमोजिम खर्च गर्ने अख्तियारीको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश इकाई कार्यालयले सम्बन्धित निकायलाई विनियोजन भएको रकम निकासा दिनेछ।

(३) कुनै निकायलाई एक भन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा विनियोजन भएको निकायको प्रमुखले यो ऐन प्रारम्भ भएको मितिले पन्ध्र दिनभित्र विनियोजन भएको सम्पूर्ण रकम खर्च गर्ने निकायहरुलाई बाँडफाँट गरी त्यसको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश इकाई कार्यालयलाई दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको बाँडफाँटबाट रकम प्राप्त गर्ने निकायको प्रमुखलाई त्यस्तो रकम खर्च गर्न अख्तियारी प्राप्त भएको मानिनेछ।

(५) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रम त्यस्तो कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनको लागि स्वीकृत कार्यक्रम मानिनेछ।

(६) प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कुनै कार्यक्रम संशोधन गर्नु पर्ने भएमा सम्बन्धित निकायले प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिनु पर्नेछ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रमको चौमासिक विभाजनमा संशोधन गर्नु पर्ने भएमा सम्बन्धित निकायले एक तह माथिको कार्यालय प्रमुखको स्वीकृति लिनु पर्नेछ।

तर राजपत्रांकित प्रथम श्रेणीको कार्यालय प्रमुख भएको निकायमा निजले चौमासिक विभाजन संशोधन गर्न बाधा पुगेको मानिने छैन।

(८) उपदफा (७) बमोजिम संशोधन भएको जानकारी प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय र  सम्बन्धित प्रदेश इकाई कार्यालयलाई दिनु पर्नेछ।

९. **कार्यविधि तथा मापदण्ड बनाउन सक्ने :** (१) यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि तथा मापदण्ड प्रदेश राजपत्रमा प्रकाशन गरिनेछ।

१०. **आदेश जारी गर्न सक्ने :** (१) यस ऐनको कार्यान्वयन गर्दा कुनै वाधा उत्पन्न भएमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी आदेश जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

११. **विविधः** (१) प्रदेश सरकारको विनियोजन ऐन पारित भैसकेपछि स्रोतको रुपमा प्रस्तावित वित्तीय हस्तान्तरणको रकम थपघट हुने गरी नेपाल सरकारबाट रकम प्राप्त भएमा त्यसरी प्राप्त भएको रकमको लेखा राखी रकम घटेमा विषयगत मन्त्रालयलाई जानकारी प्रदान गर्ने र रकम बढेमा खर्च गर्ने अख्तियारी आर्थिक मामिला तथा योजना मन्त्रालयले दिनेछ।

(२) उपदफा (१) बमोजिम चालु आर्थिक वर्षमा प्राप्त भएको रकमको समायोजित विवरण आगामी आर्थिक वर्षको आय र व्ययको विवरणसाथ प्रदेश सभामा पेश गरी पारित गर्नु पर्नेछ।

# अनुसूची १
## (दफा २ संग सम्बन्धित)
## नेपालको संबिधान बमोजिम
## प्रदेश संचित कोषमाथि व्ययभार हुने रकम

प्रदेश संचित कोषमाथि व्ययभार हुने अनुमानको सारांश

(रु. हजारमा)

| | | | | २०७६/७७ मा व्ययभार हुने रकम | | |
|---|---|---|---|---|---|---|
| अनुदान संख्या र उपशीर्षक संकेत संख्या | शीर्षक /उप-शिर्षकको नाम | २०७४/७५ को यथार्थ खर्च | २०७५/७६ को संशोधित अनुमान | जम्मा रकम | चालु खर्च | वित्तीय व्यवस्था |
| २०२ | प्रदेश व्यवस्थापिका | ० | १५.९४ | २४.६४ | २४.६४ | |
| ६०२ | अर्थ-विविध | ० | ० | ३०. | ३०. | |
| जम्मा | | ० | १५.९४ | ५४.६४ | ५४.६४ | |

अनुसूची २

(दफा २ संग सम्बन्धित)

नेपालको संबिधान बमोजिम

<u>प्रदेश संचित कोषबाट व्ययभार हुने रकम</u>

**प्रदेश संचित कोषबाट विनियोजन हुने रकम**

**दफा (२) संग सम्बन्धित**

अनुसूची २

(रू. हजारमा

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| **क सं** | **अनुदान संकेत** | **शीर्षकको नाम** | **चालु खर्च** | **पूँजीगत खर्च** | **वित्तीय व्यवस्था** | **जम्मा** |
| १ | २०२ | प्रदेश व्यवस्थापिका सचिवालय | १३५७१४ | १८५६० | ० | १५४२७४ |
| २ | ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १४१७२२ | ९७४०७१ | ० | १११५७९३ |
| ३ | ३०५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ४२११७३ | ५६६९० | ० | ४७७८६३ |
| ४ | ३०७ | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | १७३९५८३ | ५६९०२० | ० | २३०८६०३ |
| ५ | ३१२ | भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | २४५८८६२ | ३४६९६३ | ० | २८०५८२५ |
| ६ | ३१४ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | १२०००४ | १६६२१८ | ० | २८६२२२ |
| ७ | ३३७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ४३४१६८ | ८९६०४९७ | ० | ९३९४६६५ |
| ८ | ३५० | सामाजिक विकास मन्त्रालय | ३८०५४८१ | ८९७५३६ | ० | ४७०३०१७ |
| ९ | ५०१ | अर्थ वित्तीय व्यवस्था | ० | ० | ४००००० | ४००००० |
| १० | ६०२ | अर्थ विविध | ३३१०४९३ | १०७७६४४ | ० | ४३८८१३७ |
| ११ | ८०१ | स्थानीय तह (वित्तीय समानीकरण) | ६२२१७२ | ० | ० | ६२२१७२ |
| | | स्थानीय तह (सशर्त अनुदान) | ० | ० | ० | ० |
| | | स्थानीय तह (समपूरक अनुदान) | १०००००० | ० | ० | १०००००० |
| | | स्थानीय तह (विषेश अनुदान) | ५००००० | ० | ० | ५००००० |
| | | **कुल जम्मा** | **१४६८९३७२** | **१३०६७१९९** | **४०००००** | **२८१५६५७१** |

अन्तर सरकारी हस्तान्तरणबाट स्थानीय तहमा जाने समानीकरण अनुदानको विवरण
दफा (२) संग सम्बन्धित

| अन्तर सरकारी हस्तान्तरणबाट स्थानीय तहमा जाने समानीकरण अनुदानको विवरण | | |
|---|---|---|
| | | अनुसूची ३ |
| | | रु. हजारमा |
| शीर्षक | कुल बजेट | समानिकरण अनुदान |
| बाजुरा | | |
| नगरपालिका | | |
| ८०१०७११३३ त्रिवेणी नगरपालिका | ६८८२ | ६८८२ |
| ८०१०७११४३ बडिमालिका नगरपालिका | ६८१२ | ६८१२ |
| ८०१०७११५३ बुढिगंगा नगरपालिका | ६८९३ | ६८९३ |
| ८०१०७११६३ बुढिनन्दा नगरपालिका | ६८५७ | ६८५७ |
| गाउँपालिका | | |
| ८०१०७३२०३ गौमुल गाउँपालिका | ६८२५ | ६८२५ |
| ८०१०७३२१३ खप्तड छेडेदह गाउँपालिका | ६८८६ | ६८८६ |
| ८०१०७३२२३ जगन्नाथ गाउँपालिका | ६८४६ | ६८४६ |
| ८०१०७३२३३ स्वामिकार्तिक खापर गाउँपालिका | ६८७४ | ६८७४ |
| ८०१०७३२४३ हिमाली गाउँपालिका | ६७९९ | ६७९९ |
| बझाङ | | |
| नगरपालिका | | |
| ८०१०७११७३ जयपृथ्वी नगरपालिका | ६८५१ | ६८५१ |
| ८०१०७११८३ बुंगल नगरपालिका | ७१४७ | ७१४७ |
| गाउँपालिका | | ० |
| ८०१०७३२५३ साइपाल गाउँपालिका | ६७४७ | ६७४७ |
| ८०१०७३२६३ केदारस्युँ गाउँपालिका | ६९०० | ६९०० |
| ८०१०७३२७३ खप्तडछान्ना गाउँपालिका | ६८५६ | ६८५६ |
| ८०१०७३२८३ छविसपाथिभेरा गाउँपालिका | ६८७६ | ६८७६ |
| ८०१०७३२९३ तलकोट गाउँपालिका | ६८२१ | ६८२१ |
| ८०१०७३३०३ थलारा गाउँपालिका | ६८७४ | ६८७४ |
| ८०१०७३३१३ दुर्गाथली गाउँपालिका | ६८७१ | ६८७१ |
| ८०१०७३३२३ मष्टा गाउँपालिका | ६८७७ | ६८७७ |
| ८०१०७३३३३ वित्थडचिर गाउँपालिका | ६८८० | ६८८० |
| ८०१०७३३४३ सूर्मा गाउँपालिका | ६८४७ | ६८४७ |
| डोटी | | |
| नगरपालिका | | |
| ८०१०७१०७३ दिपायल सिलगढी नगरपालिका | ७२४४ | ७२४४ |

| | | |
|---|---|---|
| ८०१०७१०८३ शिखर नगरपालिका | ७०५० | ७०५० |
| **गाउँपालिका** | | |
| ८०१०७३०७३ आदर्श गाउँपालिका | ६८८७ | ६८८७ |
| ८०१०७३०८३ के.आइ.सिं गाउँपालिका | ६८५० | ६८५० |
| ८०१०७३०९३ जोरायल गाउँपालिका | ६७८५ | ६७८५ |
| ८०१०७३१०३ पुर्विचौकी गाउँपालिका | ६८६५ | ६८६५ |
| ८०१०७३११३ बुडिकेदार गाउँपालिका | ६८०३ | ६८०३ |
| ८०१०७३१२३ बोगटान फुडसिल गाउँपालिका | ६८१८ | ६८१८ |
| ८०१०७३१३३ सायल गाउँपालिका | ६८६५ | ६८६५ |
| **अछाम** | | |
| **नगरपालिका** | | |
| ८०१०७१०९३ कमलबजार नगरपालिका | ६८७२ | ६८७२ |
| ८०१०७११०३ पंचदेवल विनायक नगरपालिका | ७१०० | ७१०० |
| ८०१०७१११३ मंगलसेन नगरपालिका | ७०२१ | ७०२१ |
| ८०१०७११२३ साँफेबगर नगरपालिका | ७०६५ | ७०६५ |
| **गाउँपालिका** | | ० |
| ८०१०७३१४३ चौरपाटी गाउँपालिका | ७०५५ | ७०५५ |
| ८०१०७३१५३ ढकारी गाउँपालिका | ६८८२ | ६८८२ |
| ८०१०७३१६३ तुर्माखाद गाउँपालिका | ६८८३ | ६८८३ |
| ८०१०७३१७३ बान्नीगढी जयगढ गाउँपालिका | ६८५७ | ६८५७ |
| ८०१०७३१८३ मेल्लेख गाउँपालिका | ६८७५ | ६८७५ |
| ८०१०७३१९३ रामारोशन गाउँपालिका | ७०८१ | ७०८१ |
| **दार्चुला** | | ० |
| **नगरपालिका** | | ० |
| ८०१०७११९३ माहाकाली नगरपालिका | ६८५० | ६८५० |
| ८०१०७१२०३ शैल्यशिखर नगरपालिका | ६८८४ | ६८८४ |
| **गाउँपालिका** | | ० |
| ८०१०७३३५३ अपिहिमाल गाउँपालिका | ६७७३ | ६७७३ |
| ८०१०७३३६३ दुहुँ गाउँपालिका | ६८२७ | ६८२७ |
| ८०१०७३३७३ नौगाड गाउँपालिका | ६८५२ | ६८५२ |
| ८०१०७३३८३ व्यास गाउँपालिका | ६७३३ | ६७३३ |
| ८०१०७३३९३ मार्मा गाउँपालिका | ६८६० | ६८६० |
| ८०१०७३४०३ मालिकार्जुन गाउँपालिका | ६८५८ | ६८५८ |
| ८०१०७३४१३ लेकम गाउँपालिका | ६८७६ | ६८७६ |
| **बैतडी** | | ० |
| **नगरपालिका** | | ० |
| ८०१०७१२१३ दशरथचन्द नगरपालिका | ७२४९ | ७२४९ |

| | | |
|---|---|---|
| ८०१०७१२२३ पाटन नगरपालिका | ७०१९ | ७०१९ |
| ८०१०७१२३३ पुर्चौडी नगरपालिका | ७३३० | ७३३० |
| ८०१०७१२४३ मेलौली नगरपालिका | ६८७२ | ६८७२ |
| **गाउँपालिका** | | ० |
| ८०१०७३४२३ डिलासैनी गाउँपालिका | ६८९० | ६८९० |
| ८०१०७३४३३ दोगडाकेदार गाउँपालिका | ६८६८ | ६८६८ |
| ८०१०७३४४३ पन्चेश्वर गाउँपालिका | ६८७५ | ६८७५ |
| ८०१०७३४५३ शिवनाथ गाउँपालिका | ६८७९ | ६८७९ |
| ८०१०७३४६३ सिसाग गाउँपालिका | ६८६८ | ६८६८ |
| ८०१०७३४७३ सुर्नया गाउँपालिका | ६८५४ | ६८५४ |
| **डडेल्धुरा** | | ० |
| **नगरपालिका** | | ० |
| ८०१०७१२५३ अमरगढी नगरपालिका | ६७७५ | ६७७५ |
| ८०१०७१२६३ परशुराम नगरपालिका | ७२२१ | ७२२१ |
| **गाउँपालिका** | | ० |
| ८०१०७३४८३ अजयमेरु गाउँपालिका | ६८१६ | ६८१६ |
| ८०१०७३४९३ आलिताल गाउँपालिका | ६८०८ | ६८०८ |
| ८०१०७३५०३ गन्यापधुरा गाउँपालिका | ६८१४ | ६८१४ |
| ८०१०७३५१३ नवदुर्गा गाउँपालिका | ६८५९ | ६८५९ |
| ८०१०७३५२३ भागेश्वर गाउँपालिका | ६८१७ | ६८१७ |
| **कञ्चनपुर** | | ० |
| **नगरपालिका** | | ० |
| ८०१०७१२७३ कृष्णपुर नगरपालिका | ७६८८ | ७६८८ |
| ८०१०७१२८३ पुनर्वास नगरपालिका | ७४२१ | ७४२१ |
| ८०१०७१२९३ बेदकोट नगरपालिका | ७४६७ | ७४६७ |
| ८०१०७१३०३ बेलौरी नगरपालिका | ७४५१ | ७४५१ |
| ८०१०७१३१३ भिमदत्त नगरपालिका | ८७२६ | ८७२६ |
| ८०१०७१३२३ माहाकाली नगरपालिका | ७३१२ | ७३१२ |
| ८०१०७१३३३ शुक्लाफाँटा नगरपालिका | ७३९७ | ७३९७ |
| **गाउँपालिका** | | ० |
| ८०१०७३५३३ बेलडाँडी गाउँपालिका | ६८७० | ६८७० |
| ८०१०७३५४३ लालझाडी गाउँपालिका | ६८२८ | ६८२८ |
| **कैलाली** | | ० |
| **उपमहानगरपालिका** | | ० |
| ८०१०७०३१३ धनगढी उप महानगरपालिका | ९२८२ | ९२८२ |
| **नगरपालिका** | | ० |
| ८०१०७१०१३ गोदावरी नगरपालिका | ८०९० | ८०९० |

| | | |
|---|---|---|
| ८०१०७१०२३ गौरीगंगा नगरपालिका | ७६८३ | ७६८३ |
| ८०१०७१०३३ घोडाघोडी नगरपालिका | ८११५ | ८११५ |
| ८०१०७१०४३ टिकापुर नगरपालिका | ७९९७ | ७९९७ |
| ८०१०७१०५३ भजनी नगरपालिका | ७४७७ | ७४७७ |
| ८०१०७१०६३ लम्किचुहा नगरपालिका | ८०३२ | ८०३२ |
| **गाउँपालिका** | | ० |
| ८०१०७३०१३ कैलारी गाउँपालिका | ७४६१ | ७४६१ |
| ८०१०७३०२३ चुरे गाउँपालिका | ६७९० | ६७९० |
| ८०१०७३०३३ जानकी गाउँपालिका | ७५०५ | ७५०५ |
| ८०१०७३०४३ जोशिपुर गाउँपालिका | ७२७६ | ७२७६ |
| ८०१०७३०५३ बर्दगोरिया गाउँपालिका | ७०७४ | ७०७४ |
| ८०१०७३०६३ मोहन्याल गाउँपालिका | ६८२४ | ६८२४ |
| **जम्मा** | | ६२२१७२ |